मिति २०७८ कार्तिक २८ गते आइतबारको राष्ट्रिय दैनिक पत्रिका कान्तिपुरमा प्रकाशित

# धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसुचि–१४ (नियम २६ को उपनियम (१) संग सम्वन्धित)

## आ. ब. २०७८/७९ को प्रथम त्रैमासिक अवधिको प्रतिवेदन (२०७८ श्रावण, भाद्र र आश्विन)

### १. वित्तीय विवरण :

क. यस कम्पनीको आर्थिक वर्ष २०७८/७९ को प्रथम त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात, नाफा–नोक्सान सम्वन्धी विवरणहरु सम्पूर्ण शेयरधनीको जानकारीका लागि धितोपत्र दर्ता निष्कासन नियमावली, २०७३ बमोजिम प्रकाशन गरिएको छ ।

ख. प्रमूख वित्तीय अनुपातहरु :
१. प्रति शेयर आम्दानी* : रु. ९७.४०
२. पी. ई. अनुपात : ७०.८३
३. प्रति शेयर नेटवर्थ : रु. २५५.३७
४. तरलता अनुपात : ३.२८
* प्रति शेयर आम्दानी annualized गरिएको ।

### २. व्यवस्थापकीय विश्लेषण :

क. कम्पनीबाट उत्पादित Golden Oak को सफलता पश्चात् Black Oak नामक व्राण्डले पनि विस्तारै वजार र उपभोक्ता माझ स्थान ओगट्न सफल हुनेमा व्यवस्थापनले अपेक्षा गरेको छ । कम्पनीले Blue Oak नामक मदिरा पनि उत्पादन गरी बिक्री वितरणको कार्य गत वर्षको अन्तिम त्रैमासिक अवधिमा उपभोक्ता समक्ष ल्याएका छौं ।

ख. विश्व भरी फैलिएको कोभिड–१९ को महामारीको विषम परिस्थीति समाप्त भै नसकेको अवस्थामा व्यवस्थापनको उच्च लगनशीलता र संयम पूर्वक कार्य गर्दा कम्पनीका उत्पादनहरुको बिक्री वितरणको कार्य अघिल्लो वर्षको यसै अवधिको भन्दा केहि बढ्न गएकोछ । कम्पनीवाट उत्पादन हुने मदिराहरुको गुणस्तर सदैव एकरुपता कायम राख्न उच्च स्तरको सजगता अपनाएर कार्य गरि रहेको छ ।

ग. कम्पनीको बिक्रि बढ्न गएकोले बिक्रि तथा वितरण खर्चमा समेत केहि वृद्धि हुन पुगेको भएता पनि प्रशासनिक खर्च तर्फ केहि मितव्ययिता अपनाउन सफल भएका छौं । कम्पनीले यस अवधिमा गत वर्षको तुलनामा वित्तिय खर्च पनि उल्लेख्य मात्रामा घटाउन सफल भएको छ ।

### ३. कानूनी कारवाही सम्बन्धी विवरण :

क. श्रम अदालत काठमाण्डौंमा केहि व्यक्ति उपरको मुद्धामा सम्वन्धित निवेदकहरु उपर जिल्ला अदालत पर्सामा यस कम्पनीले कीर्ते जालसाजी मुद्धा दायरा गरेकोमा सो विवादमा सम्मानित जिल्ला अदालत पर्सावाट आम्सीक वादी दावी पुग्ने ठहराई फैसला भएको उपर कम्पनीले सम्मानीत उच्च अदालत, जनकपुरको अस्थायी ईजलास, विरगन्जमा पुनरावेदन गरेकोमा सो मुद्धा हाल सम्म पनि विचाराधिन नै रहेको छ । साथै सोही सँग सम्वन्धित श्रम अदालत काठमाण्डौमा रहेको मुद्धा समेत हाल सम्म विचाराधिन अवस्थामा नै रहेको छ ।

ख. २०६८ श्रावण को मु.अ.कर सम्वन्धमा अन्तिम कर निर्धारण आदेश तथा आ.व. २०७२/०७३ को आय विवरण उपर ठूलाकरदाता कार्यालयबाट कर परीक्षणको सिलसिलामा उठान गरेको मु.अ.कर सम्बन्धी विषयमा चित्त नबुझि आन्तरिक राजश्व विभागमा प्रशासकीय पुनरावलोकन गरिएकोमा सो विषयमा यस त्रैमासिक अवधि सम्म पनि कुनै निर्णयको जानकारी प्राप्त भएको छैन ।

ग. कम्पनीले पेटेण्ट डिजायन तथा ट्रेडमार्क ऐन २०२२ अन्तर्गत दर्ता कायम गरी अद्यावधि रहेको Golden Oak ट्रेडमार्क अंकित मदिराको बिक्री वितरणमा प्रभाव पार्न र उपभोक्तालाई भ्रममा पारी आफूलाई आर्थिक फाईदा लिनका लागि बजारमा उस्तै लेवल, बोतल प्रयोग गर्ने, कम शक्ती र कम गुणस्तरको मदिरा उत्पादन गर्ने विभिन्न उद्योगका विरुद्धमा उद्योग विभाग, त्रिपुरेश्वर, काठमाण्डौमा उजुरी गरेकोमा अधिकांश उजुरीहरुको किनारा हाल सम्म नलागेको साथै केहि उजुरीहरुको उद्योग विभागबाट प्राप्त भएको फैसला उपर उच्च अदालत पाटनमा पुनरावेदन गरिएको समेत जानकारी गराईन्छ ।

घ. उपरोक्त विषय बाहेक यस त्रैमासिक अवधिमा कम्पनी, यसका संचालक, संचालक समिति विरुद्ध कोहि कसैले कुनै किसिमको मुद्धा दायरा गरेको जानकारी कम्पनीमा प्राप्त हुन आएको छैन ।

### ४. यस संस्थाको शेयर कारोवार सम्बन्धी विवरण :

क. खुला वजारको नीति, मूल्य र मान्यता अनुरुप कम्पनीको शेयर कारोवार हुने गरेकोछ ।

ख. यस प्रथम त्रैमासिक अवधिमा कम्पनीको शेयर कारोवार तपशिल अनुसार भएको छ । (श्रोतः www.nepalstock.com.np)
अधिकतम् मूल्य रु. ७,९३८/००
न्यूनतम् मूल्य रु. ५,५४०/००

### ५. समस्या तथा चुनौति :

यस वित्त विवरण अवधिमा कम्पनीले भोगेका समस्या तथा चुनौतीहरु तपशिल बमोजिम रहेका छन् ।

क. कोभिड–१९ को महामारीको दोस्रो लहर विस्तारै समाप्त भएको महशुस भएकोले बजारहरु खुल्दै गएका छन । कोभिड महामारी अझै पनि समाप्त नभएको हुनाले र यसै त्रैमासिक अवधिमा हिन्दुहरुको महान चाड वडा दशैंको अवसरमा आम मानिसहरुको चहल पहल वढि भएको कारणबाट पुनः कोभिडको आगमन हुने हो की भन्नेमा आम जनमानसमा त्रास रहेका छ । यस्तो भएमा र नेपाल सरकारवाट पहिले झै वन्दा वन्दीको घोषणा भएमा हाम्रो जस्तो व्यवसायलाई थप चुनौती थपिने छ ।

ख. गत दुई वर्ष देखि कोभिड महामारीका कारण देशको आर्थिक तथा व्यवसायिक कारोवारमा परेको असरले रोजगारी गुमेको छ भने उपभोक्ताहरुको क्रय शक्तीमा समेत ह्रास आएको छ । कोभिड महामारी समाप्त नभएकोले मदिरा सेवन समेत घटेको र वार्षिक रुपमा नेपाल सरकारले मदिरामा लगाउने अन्तः शुल्क बढाउँदै गएबाट मदिराको मुल्य भने वृद्धि भएकोले व्यवसाय वृद्धिमा प्रभाव पर्न सक्ने आंकलन गरेका छौं ।

ग. यस प्रतिष्ठानले उत्पादन गरि रहेको र बजारमा उपभोक्ताले बढि रुचाएको Golden Oak नामक ब्राण्डको मदिरालाई बिक्री वितरणमा प्रभाव पार्न र उपभोक्तालाई भ्रममा पारी आफूलाई आर्थिक फाईदा लिनका लागि बजारमा यस कम्पनीको उत्पादन प्रिन्ट भएको बोतल, उस्तै लेवल प्रयोग गरी कम शक्ती र कम गुणस्तरको मदिरा उत्पादन गरि बिक्री वितरण गर्ने कार्य गत त्रैमासिक अवधिमा जस्तै जारी नै रहेकोले यस त्रैमासिक अवधिमा समेत केहि उद्योग विरुद्ध उद्योग विभागमा उपरोक्त कार्य विरुद्ध उजुरी निवेदन गरेका छौं । यस्तो कार्य रोक्नका लागि नियमक निकायको ध्यानाकर्षण हुन नसक्दा कम्पनीका लागि थप चुनौति थपिदै गएको छ । यस्तो कार्यलाई निरुत्साहन गर्न नसकिएमा नेपाल सरकारलाई प्राप्त हुने राजश्वमा कम हुन सक्ने देखिन्छ ।

### ६. संस्थागत सुशासन :

कम्पनीको आर्थिक र व्यवसायिक कार्यलाई मजबुत, व्यवस्थित र पारदर्शि बनाउनका लागि बाह्य तथा स्वतन्त्र रुपमा लेखा परीक्षक नियुक्त गरी लेखा परीक्षण गर्ने कार्यलाई निरन्तरता दिएको, कारखानामा उत्पादन हुने बस्तुहरु अन्तः शुल्क ऐन, नियमावली, निर्देशिका, मदिरा ऐन, नियम बमोजिम आम्दानी तथा खर्च लेखि दैनिक रुपमा खटिएका अन्तः शुल्क निरिक्षकको प्रत्यक्ष निगरानीमा कार्य गर्दै आएका छौं । उद्योग रहेको क्षेत्र, स्थानीय निकायहरु संगको सम्बन्ध सुमधुर कायम राख्न र वातावरण मैत्री कार्य गर्नका लागि उद्योग सदैव उद्यत रहेको, कारखानाको उत्पादकत्वमा वृद्धि र गुणस्तर कायम गर्नका लागि र उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको गुणस्तर, मूल्य आदिलाई सुक्ष्म रुपले अध्ययन गर्ने गरिएको साथै सके सम्म घटाउन सकिने खर्चहरुलाई व्यवस्थित गर्दै कम्पनीको आर्थिक अवस्था सुदृढ राख्न सक्षम हुने विश्वास लिएका छौं ।

### ७. सत्य तथ्य सम्बन्धमा प्रमूख कार्यकारी अधिकृतको उद्घोषण :

यस त्रैमासिक अवधिको प्रतिवेदनमा उल्लेखित विवरणहरुको स्पष्टता र सत्यता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन चाहान्छु । मैले जाने बुझे सम्म यस प्रतिवेदनका विवरणहरुमा कुनै पनि सत्य, तथ्य लुकाईएको छैन । कम्पनीले आफ्ना लगानीकर्ताहरुलाई सू–सूचित गराउनका लागि कुनै पनि आर्थिक विवरण तथा जानकारीहरु नलुकाइएको व्यहोरा समेत यहाँहरु समक्ष अवगत गराउँदछु ।

## Unaudited Statement of Financial Position for the Quarter Ended as on 31st Ashwin 2078

| Particulars | This Quarter Ending Rs. | Upto Previous Quarter Ending Rs. | Corresponding Previous Year Quarter Ending Rs. |
|---|---|---|---|
| **ASSETS** | | | |
| **NON-CURRENT ASSETS** | | | |
| a) Property, plant and equipment | 504,462,634 | 513,417,558 | 559,336,851 |
| b) Capital work-in-progress | 44,596 | 44,596 | - |
| c) Intangible assets | 321,840 | 663,547 | 840,005 |
| d) Financial assets | | | |
| Advance for investments in equity instruments | - | - | 22,077,859 |
| e) Investments | 69,000,000 | 69,000,000 | - |
| f) Other non-current assets | 20,193,142 | 20,193,142 | 20,193,142 |
| **Total Non-Current Assets** | **594,022,212** | **603,318,843** | **602,447,856** |
| **CURRENT ASSETS** | | | |
| a) Inventories | 254,661,419 | 182,690,514 | 323,310,353 |
| b) Financial assets | | | |
| Trade receivables | 1,977,230,907 | 700,261,676 | 887,754,175 |
| Cash and cash equivalents | 17,205,468 | 909,119,153 | 173,152,852 |
| c) Other current assets | 135,727,310 | 99,535,012 | 51,546,261 |
| **Total** | **2,384,825,104** | **1,891,606,356** | **1,435,763,641** |
| **Non-current assets held for sale** | - | - | - |
| **Total current assets** | **2,384,825,104** | **1,891,606,356** | **1,435,763,641** |
| **TOTAL ASSETS** | **2,978,847,315** | **2,494,925,199** | **2,038,211,497** |
| **EQUITY AND LIABILITIES** | | | |
| **EQUITY** | | | |
| a) Equity | | | |
| Share capital | 867,702,375 | 867,702,375 | 578,468,250 |
| b) Other equity | | | |
| Reserves and surplus | 1,348,174,409 | 1,136,240,214 | 862,738,969 |
| **Total Equity** | **2,215,876,784** | **2,003,942,589** | **1,441,207,219** |
| **NON-CURRENT LIABILITIES** | | | |
| a) Financial liabilities | | | |
| Borrowings | - | 12,195 | 1,469,761 |
| b) Deferred tax liabilities | 35,620,944 | 29,587,436 | 28,525,239 |
| **Total Non-Current Liabilities** | **35,620,944** | **29,599,631** | **29,994,999** |
| **CURRENT LIABILITIES** | | | |
| a) Financial Liabilities | | | |
| Borrowings | 39,150,316 | 1,470,430 | 136,859,109 |
| Trade payables | 228,160,526 | 105,025,591 | 108,295,185 |
| Other financial liabilities | 77,631,680 | 172,907,121 | 100,192,809 |
| b) Other current liabilities | 310,586,427 | 169,727,637 | 160,675,767 |
| c) Current tax liabilities (net) | 71,820,638 | 12,252,201 | 60,986,408 |
| **Total Current Liabilities** | **727,349,587** | **461,382,979** | **567,009,278** |
| **TOTAL EQUITY AND LIABILITIES** | **2,978,847,315** | **2,494,925,199** | **2,038,211,497** |

## Unaudited Statement of Profit or Loss and Other Comprehensive Income for the Quarter Ended as on 31st Ashwin 2078

| Particulars | This Quarter Ending Rs. | Upto Previous Quarter Ending Rs. | Corresponding Previous Year Quarter Ending Rs. |
|---|---|---|---|
| Revenue from operations | 1,231,060,219 | 6,507,059,506 | 969,855,575 |
| Less: excise duties | 534,509,479 | 2,807,412,801 | 327,246,259 |
| Less: cost of goods sold | 215,176,987 | 1,314,988,352 | 257,464,036 |
| Less: manufacturing expenses | 34,516,998 | 135,723,607 | 6,366,297 |
| **Gross profit** | **446,856,755** | **2,248,934,746** | **378,778,983** |
| Other operating income | - | 69,476,581 | - |
| **Total income from operations** | **446,856,755** | **2,318,411,327** | **378,778,983** |
| Employee benefit expenses | 70,099,889 | 277,439,586 | 48,877,693 |
| Administration and other expenses | 13,493,267 | 112,254,120 | 20,402,840 |
| Selling and distribution expenses | 66,735,744 | 463,187,105 | 44,687,405 |
| **Operating profit** | **296,527,854** | **1,465,530,516** | **264,811,046** |
| Depreciation and amortisation | 12,806,523 | 51,333,617 | 11,829,748 |
| Finance costs | 121,538 | 17,225,869 | 1,345,816 |
| **Profit before tax** | **283,599,793** | **1,396,971,030** | **251,635,811** |
| Income tax expenses | 72,317,947 | 356,227,613 | 64,167,132 |
| **Profit for the year** | **211,281,846** | **1,040,743,417** | **187,468,679** |
| **Other comprehensive income** | | | |
| **Items that will not be reclassified to profit or loss:** | | | |
| (i) Remeasurements of Defined Benefit Obligations | - | - | - |
| (ii) Income tax credit/(charge) relating to these items | - | - | - |
| **Other comprehensive income** | - | - | - |
| **Total comprehensive income for the year** | **211,281,846** | **1,040,743,417** | **187,468,679** |
| **Earning per equity share (face value of Rs. 100 each)** | | | |
| Basic EPS* | 97.40 | 119.94 | 86.42 |
| Diluted EPS* | 97.40 | 119.94 | 86.42 |

## Other Financial Ratios

| | | | |
|---|---|---|---|
| PE Ratio | 70.83 | 45.96 | 20.92 |
| Net Worth Per Share | 255.37 | 230.95 | 249.14 |
| Liquidity Ratio | 3.28 | 4.10 | 2.53 |

**Notes:**

Account heads have been re-grouped/re-classified wherever necessary so as to comply with the Nepal Financial Reporting Standards (NFRS)
* Earning Per Share annualized.
* Corresponding Previous Year's Basic & Diluted EPS has been restated to reflect the effect of issuance of Bonus Shares as per NFRS.

**हिमालयन डिष्टिलरी लिमिटेड,**
विरगञ्ज महानगरपालिका वडा नं. – २१,
लिपनि विर्ता, पर्सा, नेपाल